# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख २० गते २०३४ साल

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा १ को उप–दफा (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले वहुमूल्य रत्नहरूको खरीद–विक्री लेनदेनको कारोवारमा र ट्याक्सी मिटर, आयतन नाप्ने यन्त्रमा बाहेक अन्य सबै कारोवार र मालसामानको सम्बन्धमा उक्त ऐनको बाँकी सबै दफाहरू देहायका ठाउँमा देहायका मितिदेखि प्रारम्भ हुने गरी तोकिदिएको छ।

(१) नुवाकोट, सिन्धुपाल्चोक, सिराहा, महोत्तरी र नवलपरासी जिल्लाहरूमा मिति २०३४।१।१५,

(२) तनहुं र बर्दिया जिल्लाहरूमा मिति २०३४।२।१५।

आज्ञाले–
नरकान्त अधिकारी
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।